National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 24.03.2025

---

मुख्य समाचार :-

- कर्नाटकमा एक विशेष अल्पसंख्यक समूहलाई आरक्षण दिने मुद्दालाई लिएर संसदको दुवै सदनमा चर्काचर्की ।
- वाम्पन्थी उग्रवादबाट प्रभावित मानिसहरूलाई मूलधारामा ल्याउने काम अन्तिम चरणमा पुगेको रास्ट्पतिको द्रौपदी मुर्मुको भनाई ।
- केन्द्रद्वारा प्याजमा बीस प्रतिशत निर्यात शुल्क समाप्त ।
- केन्द्र सरकारद्वारा संसदका वर्तमान र पूर्व सदस्यहरूको वेतन, दैनिक भत्ता र पेन्शनमा वृध्दिका घोषणा ।
- इण्डियन प्रीमियर लीग क्रिकेटमा आज दिलली क्यापिटल्सको भीडन्त, लखनउ सुपर Giants सित ।

Parliament adjourned

कर्नाटकका उपमुख्यमन्त्री डी के शिवकुमारको एक विशेष अल्पसंख्यक समूहलाई आरक्षण दिनका लागि सम्विधानमा परिवर्तन ल्याउने कथित टिप्पणीमाथि आज संसदका दुवै सदनमा चर्काचर्की भयो ।

यस मुद्दा सम्वन्धमा राज्यसभालाई दिनभरिका लागि र लोकसभालाई दुईपल्ट स्थगित गर्नुपरयो ।

यसअघि राज्यसभामा विपक्षका नेता मल्लिकार्जुन खगरेले स्पस्ट गर्दै भन्नुभयो श्री शिवकुमारले सम्विधानमा परिवर्तन ल्याउने सम्वन्धमा केही पनि भन्नुभएको छैन ।

उहाँले भन्नुभयो भारतीय जनता पार्टीले दिल्ली उच्च न्यायालयमा न्यायाधीशको आवासबाट नगद राशि भेट्टाइएको मुद्दाबारे ध्यान हटाउनका लागि यो मुद्दा उठाएको हो ।

अर्कातिर लोकसभामा केन्द्रीय मन्त्री किरेन रिजिजुले भन्नुभयो धर्मको आधारमा आरक्षण उन्नाइस सय सैंतालिस सालमा सबै प्रमुख नेताहरूले खारिज गरिदिएका थिए ।

उहाँले भन्नुभयो काँग्रेसले आफ्नो नेतालाई उनको टिप्पणीको कारणले सम्वैधानिक पदवाट हटाउनुपर्छ ।

यसअघि लोकसभामा वित्त विधेयक दुइ हजार पच्चीसमाथि चर्चा शुरू भयो।

भाजपाका निशिकान्त दुबेले भन्नुभयो समग्र विश्वले आर्थिक सङ्कट सामना गरिरहेछ तर भारत पछिल्ला दस वर्षमा एक उज्जवल स्थानको रूपमा देखा परेको छ।

श्री दुबेले भन्नुभयो अनलाइन गेमिङको अनियन्त्रित वृध्दिलाई रोक्नका लागि यसमाथि अठाइस प्रतिशत जीएसटी लगाइएको छ।

उहाँले भन्नुभयो सरकारले जीएसटीदरलाई युक्तिसंगत बनाएको छ।

काँग्रेसमा शशी थरूरले भन्नुभयो- देशमा वस्तु तथा सेवा कर जि एस टि व्यवस्था अत्यन्त जटिल छ।

समाजवादी पार्टीका नीरज मौर्यले भन्नुभयो सरकारले बजटमा अनुसूचित जाति, पछौटे वर्ग र अल्पसंख्यकहरूमाथि अधिक ध्यान दिनुपर्छ।

---

## President

रास्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ बामपन्थी उग्रवाटबाट प्रभावित मानिसहरूलाई समाजको मूलधारासित जोड्ने कार्य अन्तिम र निर्णायक चरणमा पुगेको छ । छत्तीसगढको नक्सल प्रभावित क्षेत्रहरूका मानिसहरू विकासको मार्गमा अघि बढ्न चाहन्छन् । आज रायपुरमा छत्तीसगढ विधानसभाको रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै विश्वास ब्यक्त गर्नुभए अनुसार छत्तीसगढलाई उग्रवादबाट पूर्ण रूपले मुक्त गर्ने प्रयासमा राज्यका मानिसहरूलाई चाँडै सफलता प्राप्त हुनेछ र राज्यको इतिहासमा एउटा स्वर्णिम अध्यक्ष जोड़िनेछ । रास्ट्रपतिले पर्यावरण संरक्षणको महत्वमाथि बल दिँदै भन्नुभयो राज्यले आधुनिक विकासको मार्गमा अघि बढ्नका साथै पर्यावरणको संरक्षण पनि सुनिश्चित गर्नु हो । रास्ट्रपतिले महिला विधायकहरूलाई जीवनका प्रत्येक क्षेत्रमा कार्यरत अन्य सबै महिलाहरूलाई अघि बढाउनमा सदैव तत्पर रहने आहवान गर्नुभएको छ ।उहाँले भन्नुभयो सबै महिलाहरूले एका अर्कालाई सशक्त बनाए मात्र स समाज अझै सुदृढ र सम्वेदनशनशील हुनेछ ।श्रीमती मुर्मुले राज्य विधानसभा परिसरमा बिरूवाहरू रोप्नुभयो।

---

## Chauhan Onion Export

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले भन्नुभएको छ केन्द्रले प्याजमा बीस प्रतिशत निर्यात शुल्क समाप्त गरेको छ ।

नयाँ दिल्लीमा आज श्री चौहानले भन्नुभयो प्याजमा निर्यात शुल्क समाप्त भएका कृषकहरूको उत्पाद शुल्कदिनै  वैश्विक बजारमा पुग्न सक्नेछ र उनीहरूलाई अधिक मूल्य प्राप्त हुनेछ ।

नरेन्द्र मोदी सरकारलाई कृषक हितैषी सरकार बताउँदै उहाँले भन्नुभयो कृषकहरूलाई लाभदायक मूल्य उपलब्ध गराउनु सरकारको प्राथमिकता हो ।

---

## MPs Salary

केन्द्र सरकारले संसदका वर्तमान र पूर्व सदस्यहरूको वेतन, दैनिक भत्ता र पेन्शनमा वृध्दिको घोषणा गरेको छ ।

संसद सदस्यहरूको मासिक वेतन एक लाख रूपियाँ देखि बढ़ाएर एक लाख चौबिस हजार रूपियाँ गरिएको छ ।

दैनिक भत्ता दुई हजार रूपियादेखि बढ़ाएर दुई हजार पाँच सय रूपियाँ र मासिक पेन्शन पच्चीस हजार रूपियाँदेखि बठाएर एकतीस हजार रूपियाँ बनाइएको छ ।

यो वृध्दि पहिलो अप्रेल 2023देखि प्रभावी हुनेछ ।

---

## Nadda TB Day

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज विश्व क्षयरोग दिवसको अवसरमा मानिसहरूसित क्षयरोगलाई समाप्त गर्ने र स्वास्थ्यमा सुधारका लगि आफु प्रतिवध्द रहने आह्वान गर्नुभएको छ । एउटा सोशल मीडिया पोस्टमा स्वास्थ्य मन्त्रीले यस बिमारीको सामना गर्ने दिशातर्फ सरकारको प्रयासबारे जानकारी दिनुभयो । रास्ट्रिय टीबी उन्मुलन कार्यक्रम अन्तर्गत भागत सय दिवसीय टीबी उन्मूलन अभियान र निक्षय पोषण योजना अन्तर्गत टीबी रोगीहरूलाई दिइने वित्तीय सहायता पाँचसय रूपियाँ प्रति महीनादेखि बढ़ाएर एकहजार रूपियाँ प्रति महीना गरिएको छ ।

---

## Jitendra TB Day

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले आज नयां दिल्लीमा विश्व क्षय रोग दिवल 2025 को अवसरमा माइक्रो बैकटीरियम ट्यूबरकुलोसिस  टीबी का दस हजार आइसोलेट्स को जीनेम सीक्वेनसिंग पूरा हुने घोषणा गर्नुभएको छ ।यस पहलको उद्देश्य जीनोमिक्स र आर्टिफिशियल इन्टेलिजेन्सको उपयोग गरेर क्षयरोगमा औषधि प्रतिरोधको सामना गर्नु हो ।

## RS Chairman

राज्यसभाका सभापति जगदीप धनखड़ले दिल्ली उच्च न्यायालयका न्यायाधीशको आवासबाट नगद राशि भेट्टाइएको मुद्दामाथि चिन्ता ब्यक्त गर्नुभएको छ । उहाँले यस्ता घटनाहरूको पुनरावृत्रि रोक्नका लागि यस प्रकारको कुप्रथा समाप्त गर्ने आह्वान गर्नुभएको छ। श्री धनखड़ले आज संसद भवनमा यस मुद्दाबारे सदनका नेता जगत प्रकाश नड्डा र विपक्षका नेता मलिलकार्जुन बैठक गर्नुभयो । सभापतिले यस मामिलामा द्रुत कार्रवाईका लागि मुख्य न्यायाधीश सञ्जीव खन्नाको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो मुख्य न्यायाधीशद्वारा समिति गठनको कार्यमाथि विचार गर्ने आवश्यकता छ।

---

## Delhi Assembly

दिल्ली विधानसभाको बजट अधिवेशन आजदेखि शुरू भएको छ। पाँच दिवसीय बजट सत्रको पहिलो दिन आज दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले सदनमा दिल्ली परिवहन आयोग-डीटीसीको कामकाजमाथि नियन्त्रक तथा महालेखा परीक्षकको रिपोर्ट प्रस्तुत गर्नुभयो । प्रश्नकालमा सत्रापक्ष र विपक्षका विधायकहरूले दिल्लीको विकासित सम्बन्धित मुद्दाहरूबारे चर्चा गरे जसमा बिजुलीको आपुर्ति, दिल्लीका अस्पतालहरूमा उपलब्ध एम्बुलेन्स, भेन्टिलेटर र आईसीयू वार्डको उपलब्धता सामेल छन् । विपक्षी विधायकहरूले महिला समृध्दि योजनावारे प्रश्न गरे र योजनाको पञ्जीकरण प्रक्रियाबारे स्पस्टीकरण माँगे । उनीहरूले यस मुद्दावारे चर्चा गर्ने मांग पनि गरे तर अध्यक्ष विजेन्द्र गुप्ताले यसको अनुमति दिनुभएन। त्यसपछि सबै विपक्षी नेता सदनबाट बाहिर भए ।सदनमा विपक्ष की नेता तथा आम आदमी पार्टीकी विधायक आतिशीले मत्ताधारी पार्टीले यस वर्षको दिल्ली विधानसभा चुनाउका लागि आफ्नो घोषणा पत्रमा गरेको प्रतिज्ञा अनुरूप यस योजनाबारे चर्चा गर्न नचाहेको आरोप लगाउनुभयो।

---

## Delhi Yashwant Varma

दिल्ली उच्च नयायालयले न्यायमूर्ति यशवन्त बर्मालाई तत्काल प्रभावदेखि न्यायित कार्य गर्नबाट हटाएको छ। उच्च न्यायालयको तर्फबाट आज जारी एउटा नोटिसमा यस्तो निर्णय लिइएको छ। न्यायमूर्ति बर्माको अधिकारिक आवासमा आगो लागेपछि कथित रूपले धेरै मात्रामा नगद राशि भेट्टाइएपछि न्यायालयले यस्तो आदेश जारी गरेको हो। अर्कातिर न्यायमूर्ति बर्माले सबै आरोपहरूको खण्डमा गर्नुभएको छ। न्यायमूर्ति बर्माले भन्नुभएको छ उहाँ र उहाँका परिवारका कुनै पनि सदस्यले आफ्नो आवासको स्टोररूमा कहिल्लै कुनै नगद राशि राखेका थिएनन्।

---

## IPL Cricket

इण्डियन प्रीमियर लीग- IPL क्रिकेटमा आज दिल्ली कैपिटल्सको भीड़न्त लखनऊ सुपर जायंट्ससित भइरहेछ। यो म्याच विशाखापटनमको डाक्टर वाई एस राजशेखर रेड्डी एसीए बीडीसीए क्रिकेट स्टेडियममा भखरै शुरू भएको छ। हिजो चेन्नई सुपर किंग्सले मुंबई इण्डियन्सलाई चार विकेटले हरायो। एउटा अर्को म्याचमा हैदरावादको राजीव गान्धी अन्तर्रास्ट्रिय स्टेडियममा सन राइजर्स हैदरावादले राजस्थान रोयल्सलाई चौवालिस रनले हरायो।

---

## Khelo India

रास्ट्रिय राजधानीमा खेलो इण्डिया प्यारा गेम्सको पाँचौ दिन पनि विभिन्न स्पर्धाहरूमा एथलिटहरूका असल प्रदर्शन रहयो। निशानाबाजीमा मोना अग्रवालले आज डाक्टर कर्णी सिंह भूटिंग रेञ्जमा पचास मिटर राइफल प्रोन SH 1 मिक्स्ड श्रेणीमा स्वर्ण पदक जितिन्। यसैगरी आनन्द कृस्णनले रजत र सचिन सिध्दनकरले कांस्य पदक जिते।

रास्ट्रिय राजधानीमा खेलो इण्डिया प्यारा गेम्सको पाँचौ दिन आज पावर लिफ्टिङमा महिलाहरूको पचपन्न किलो भार वर्गमा सुमन देवी र एकसाठी किलो वर्गमा सीमा रानीले स्वर्ण पदक जिते।

पुरूषहरूको उन्साठी किलोमा गुलफाम एहमद र पैसंठी किलो वर्गमा बबी जर्ज मैथ्युले स्वर्ण पदक प्राप्त गरे।

निशानाबाजीमा मोना अग्रवालले मिक्स पचास मिटर राइफल प्रोन एस एच 1 वर्गमा स्वर्ण पदक हासिल गरिन्।

पदकतालिकामा हरिणाया पहिलो, तामिलनाडु दोस्रो र राजस्थान तेस्रो स्थानमा छन् । दिल्ली सातौं स्थानमा छ ।